उद्योग विभागवाट सम्पादन गरिने मुख्य मुख्य कार्यहरु निम्न बमोजिम छन् ।

- उद्योग सम्वन्धी नीति तथा कानूनहरुको तर्जुमा गर्न सघाउ पुऱ्याउने र निर्धारित नीति नियमहरुको कार्यान्वयन गर्ने ।
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्वन्धी नीति नियमहरुको कार्यान्वयन गर्ने ।
- औद्योगिक लगानी सम्वन्धी प्रवर्द्धनात्मक कार्य गर्ने र यस सम्वन्धी सूचना तथा जानकारीहरु उपलव्ध गराउने ।
- तोकीएका उद्योगको लागि अनुमति प्रदान गर्ने र उद्योग दर्ता गर्ने ।
- उद्योगले पाउने सुविधा तथा सहुलियतहरु उपलव्ध गराउने ।
- औद्योगिक सम्पति (पेटेण्ट, ट्रेडमार्क र डिजाईन) सम्वन्धी प्रशासनिक एवं प्रवर्द्धनात्मक कार्य गर्ने ।
- अनुमति लिनुपर्ने वर्गका उद्योगहरुलाई वातावरण सम्वन्धी मार्ग दर्शनहरु प्रदान गर्ने तथा मापदण्डहरुको पालन गर्न लगाउने ।
- वातावरण संरक्षण ऐन एवं नियमावली वमोजिम वातावरणीय प्रभाव र प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कारवाही गर्ने गराउने ।
- विदेशी लगानी सम्वन्धी औद्योगिक परियोजनाहरुको स्वीकृति प्रदान गर्ने सम्वन्धी कार्य गर्ने तथा लगानीकर्ताहरुलाई सूचना तथा जानकारीहरु उपलव्ध गराई परामर्शदाताको भूमिका समेत निर्वाह गर्ने ।
- उत्पादन मूलक उद्योगहरुको स्थापना तथा संचालन बारे अनुगमन गर्ने ।
- भारत निकासी हुने औद्योगिक बस्तुहरुको उत्पतिको प्रमाण पत्र जारी गर्न प्राविधिक समिति मार्फत सिफारिश गर्ने ।